नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**

सानोठिमी , भक्तपुर

सूचना प्रकाशन मिति : २०८३।०७।०९

## माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसईई) २०८४ मा समावेश हुनका लागि रजिस्ट्रेसन फाराम भर्ने भराउनेसम्बन्धी सूचना

शैक्षिक सत्र २०८३ मा कक्षा ९ मा साधारण, परम्परागत(संस्कृत/वेदविद्याश्रम/गुरुकुल/मदर्सा/गोन्पा) र प्राविधिक धारतर्फ नियमित रूपमा अध्ययनरत विद्यार्थीले २०८४ सालको नियमित माध्यमिक शिक्षा परीक्षा(एसईई) मा समावेश हुनका लागि रजिस्ट्रेसन फाराम २०८३ कात्तिक ०९ गतेदेखि २०८३ मङसिर १३ गतेभित्र भर्नेभराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा महाशाखा/शाखा, शिक्षा विकास तथा समन्वय एकाइ तथा शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### विद्यालयले गर्नुपर्ने

(क) विद्यालयको IEMIS लगइन गरी Manage Exam को मेनुमा गई Registration Form मा Click गर्ने

(ख) वर्षमा २०८३ र कक्षामा ९ छनोट गरी लोड गर्ने

(ग) Office Copy Registration Form Print गरी विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्रअनुसारको नाम, थर र जन्ममितिलगायतको विवरण पछिसम्म फरक नपर्ने गरी विद्यार्थी तथा अभिभावकबाट रुजु गराई हस्ताक्षर गर्न लगाएर विद्यालयमा सङकलन गर्ने

(घ) सङकलित Registration Form मा केही विवरण संशोधन गर्नुपर्ने भएमा विद्यालयले स्थानीय तहको शिक्षा शाखा/ महाशाखासँग समन्वय गरी विद्यालयको IEMIS मा विवरण सच्याउने

(ङ) समष्टिगत फाराम प्रिन्ट गरी अङ्ग्रेजी वर्णानुक्रमअनुसार मिले नमिलेको यकिन गरी सबैभन्दा माथि समष्टिगत फाराम राख्ने र क्रमश: विद्यार्थीको रजिस्ट्रेसन फाराम, जन्मदर्ताको प्रमाण पत्र तथा कक्षा ८ को ग्रेडसिटको प्रधानाध्यापकबाट प्रमाणित छायाप्रति राखी शिक्षा विकास तथा समन्वय एकाइमा पेस गर्ने

(च) रजिस्ट्रेसन फाराम भर्ने विद्यार्थीबाट प्रतिविद्यार्थी रू ३००/-(तीन सय रुपियाँ) रजिस्ट्रेसन फाराम शुल्क लिई राजस्व दाखिला गर्ने अन्तिम मिति २०८३ मङ्सिर १८ गतेभित्र राजस्व शुल्क राजस्व शीर्षक नं.१४२२३ मा दाखिला गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पेस गर्नुपर्ने ।

### शिक्षा विकास तथा समन्वय एकाइले गर्नुपर्ने

(क) विद्यालयबाट पेस भएको समष्टिगत फाराम र विद्यार्थीको रजिस्ट्रेसन फाराम रुजु गर्ने

(ख) समष्टिगत फाराममा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को समन्वयमा Registration Number Generate गर्ने

(ग) Registration Number कायम भइसकेपछि एकाइले IEMIS लगइन गरेर समष्टिगत फाराम प्रिन्ट गरी विद्यालयलाई उपलब्ध गराउने साथै सोही समष्टिगत फारामअनुसारको विद्यार्थी प्रति विद्यालयबाट प्रिन्ट गरी निर्धारित स्थानमा विद्यार्थीको विद्यालय पोसाकमा तयार गरिएको पासपोर्ट साइजको फोटो टाँस गर्न लगाउने । विद्यार्थी र प्रधानाध्यापकको सहीछापसहित प्रधानाध्यापकबाट प्रमाणित भई एकाइमा पेस भएका विद्यार्थी प्रति रजिस्ट्रेसनमा एकाइ प्रमुखले दस्तखत गरी एकाइ प्रमुख र कार्यालयको छाप लगाउने तथा समष्टिगत फाराम प्रमाणित गरी विद्यालयलाई उपलब्ध गराउने

(घ) Office Copy Registration Form मा प्रमाणित गरिएको समष्टिगत फाराम र Student Copy Registration Form मा उल्लिखित Registration Number Munually कायम गर्ने

(ङ) विद्यालयहरूबाट रजिस्ट्रेसनबापतको प्रतिविद्यार्थी रू ३००/- का दरले राजस्व शुल्क मिति २०८३ मङ्सिर १८ गतेभित्र राजस्व शीर्षक १४२२३ मा दाखिला गर्न लगाई सबै विद्यालयको विद्यार्थी सङख्या र राजस्वको यकिन गरी मिति २०८३ मङसिर मसान्त भित्र राजिस्ट्रेसन भर्ने विद्यार्थी र राजस्व विवरण यस कार्यालयमा पठाइसक्नुपर्ने ।

***पुनश्च :*** *शिक्षा तथा खेलकुद मन्त्रालयबाट भिसा तथा अन्य प्रक्रिया पूरा गरी नेपालका विद्यालयमा कक्षा १० मा भर्ना भई पढिरहेका विदेसी विद्यार्थीको रजिस्ट्रेसन फाराम भराउँदा र अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमतर्फ शैक्षिक सत्र २०८३ मा कक्षा १० मा अध्ययन गरिरहेका विद्यार्थीको रजिस्ट्रेसन फाराम भराउँदा विद्यालयले वर्षमा २०८३ र कक्षामा १० छनोट गरी लोड गर्ने । अन्य प्रक्रिया माथि उल्लिखितअनुसार नै गर्नुपर्नेछ ।*

परीक्षा नियन्त्रक